साकेला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मानेभन्ज्याङ, खोटाङ

# नवजात शिशु बचत खाता सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

२०८२

# नवजात शिशु बचत खाता सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

साकेला गाउँपालिकाले विद्यमान व्यक्तिगत र राष्ट्रिय ऋणको बोझ र त्यसबाट प्रभावित साना बालबालिकाहरुको उज्वल भविष्य सुनिष्चित गर्ने उदेश्यका साथ देशकै नयाँ र पहिलो नवजात शिशु बचत योजनाको नीति लागू गरिएको छ । यस कार्य मार्फत बालबालिकाहरुलाई उच्च शिक्षा र समुन्नत जीवनका लागि आधार स्थापित गराउने गाउँपालिकाको प्रमुख लक्ष्य रहेको छ । यस योजनाबाट कोही नागरिक शिक्षाबाट वञ्चित हुन नपरोस र भविष्यमा उद्यमी बन्न सफल हुनुका साथै बढ्दो बसाँईसराईलाई न्यूनीकरण गर्न सहयोग पुर्याउन वाञ्छनीय भएकाले,

साकेला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐनले दिएको अधिकार प्रयोग गरि गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरि लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "नवजात शिशु बचत खाता सम्बन्धी कार्यविधि २०८२" रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ ।

(३) यो कार्यविधि साकेला गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"गाउँपालिका"** भन्नाले साकेला गाउँपालिका सम्झनु पर्दछ ।

(ख) **"अध्यक्ष"** भन्नाले साकेला गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ग) **"उपाध्यक्ष"** भन्नाले साकेला गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले साकेला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(च) **"वडा अध्यक्ष"** भन्नाले साकेला गाउँपालिका अन्तर्गतका वडा अध्यक्षको पदमा निर्वाचित व्यक्ति वा सोही पदमा रही कार्य गर्न तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(छ) **"सिफारिस समिति"** भन्नाले दफा ६ बमोजिम गठन हुने समिति सम्झनु पर्छ ।

(ज) **"वडा समिति"** भन्नाले गाउँ कार्यपालिकाको वडा समिति सम्झनु पर्छ ।

(झ) **"सभा"** भन्नाले गाउँपालिकाको सभा सम्झनु पर्छ ।

(ञ) **"नवजात शिशु"** भन्नाले बच्चा जन्मिएको २८ दिन भित्रको शिशुलाई सम्झनु पर्छ ।

(ट) **"नवजात शिशु बचत खाता"** भन्नाले नवजात शिशुलाई गाउँपालिकाले तोकेको बैंकबाट खाता खोलिदिएको बैंक, खाताको नाम र नम्बरलाई सम्झनु पर्छ ।

(ठ) **"सिफारिस समिति"** भन्नाले नवजात शिशु बचत खातामा रकम जम्मा गर्न, खाता बन्द गर्न, रकम झिक्न, विशेष अवस्थामा रकम फिर्ता गर्न सिफारिस गर्ने समिति सम्झनु पर्छ ।

## परिचेछद-२
## उदेश्य, लक्षित वर्ग र क्षेत्रहरु

**३. उदेश्य :** यस कार्यविधिको उदेश्य देहाय बमोजिम रहेका छन् ।

(क) स्थानीय तहमा बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि कानूनी तथा शैक्षिक भविष्यको निर्माणमा सहजता ल्याउन ।

(ख) स्थानीय तहमा बालबालिकाको उज्वल भविष्यको लागि सामाजिक सुरक्षा कोषको रुपमा बचत गर्ने बानिको विकास गर्न ।

(ग) बढ्दो बसाँइसराई न्यूनिकरण गरि गाउँमै रोजगारीको सम्भावना सृजना गरि सुनिश्चित भविष्य निर्माण गर्न ।

(घ) गुणस्तरीय शैक्षिक भविष्य निर्माण गर्न गाउँकै विद्यालयहरुमा पठनपाठनको वातावरण सृजना गर्न ।

(ङ) वालवालिकामाथि हुने सबै प्रकारको हिंसा, दुर्व्यवहार, शोषण, अवहेलना, वेवास्ताको अन्त्यका लागि बहुपक्षीय समन्वय तथा सहकार्य स्थापित गर्न ।

४. **कार्यक्रमको लक्षित वर्ग र क्षेत्रहरु** : साकेला गाउँपालिकाबाट उपलब्ध गराईने नवजात शिशु बचत रकम लक्षित वर्ग र क्षेत्रहरु देहाय बमोजिम हुनेछन् ।

(क) गर्भवती भई स्वास्थ्य संस्थामा नियमित रुपमा नेपाल सरकारले तोकेबमोजिम कम्तिमा आठ पटक गर्भ जाँच गराएका गर्भवती महिलाहरुबाट जन्मेका नवजात शिशुहरु ।

(ख) साकेला गाउँपालिकाभित्रका प्रसुति सेवा बर्थिङ सेन्टरमा जन्मिएका तथा बर्थिङ सेन्टरबाट सुविधा सम्पन्न अस्पतालमा प्रेषण गरि जन्मिएका नवजात शिशुहरु ।

(ग) नेपाल सरकारको नियमानुसार साथै आमा सुरक्षा कार्यक्रममा तेकिएबमोजिम कम्तिमा ३ पटक पोष्टनेटल केयर सेवा साकेला गाउँपालिकाको स्वास्थ्य संस्थाबाट लिएका नवजात शिशुहरु ।

(घ) शिशु जन्मिएको ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयबाट १३ अंकको जन्मदर्ता नम्बर र १० अंकको राष्ट्रिय परिचयपत्र नम्बर जारी भएको जन्मदर्ता प्राप्त गरेका नवजात शिशुहरु ।

(ङ) यस कार्यविधिको दफा ४ बमोजिम मापदण्ड पुरा भएर सम्बन्धित वडाबाट प्रमाणित भई आएका नवजात शिशुहरुलाई यो सुविधा उपलब्ध गराउन बाधा पर्नेछैन ।

## परिच्छेद-३
## रकम वितरण प्रकृया

**५. आवश्यक कागजातहरु :**

१. शिशु जन्मिएको ३५ दिनभित्र निम्न कागजात सहित साकेला गाउँपालिकामा यस कार्यविधिको अनुसूची-१ बमोजिमको निवेदन पेश गर्नुपर्नेछ ।

(क) जन्मदर्ता प्रमाणपत्रको साथमा वडा कार्यालयको सिफारिस ।

(ख) बावुआमाको नागरिकता र विवाहदर्ताको प्रतिलिपी ।

(ग) गाउँपालिकाले तोकेको बैंकमा खोलिएको खाताको चेकको प्रति ।

(घ) दफा ५ (१) अनुसार प्राप्त निवेदनको आधारमा गाउँपालिकाले नवजात शिशु बचत खातामा प्रथम वर्ष रु. १५,०००/- अक्षेरेपी पन्ध्र हजार रुपैंया र हरेक वर्ष रु. ५,०००/- अक्षेरेपी पाँच हजार रुपैंया रकम शिशुको नाममा खोलिएको खातामा रकम जम्मा गर्दै लैजानेछ ।

६. **सिफारिस समिति** : नवजात शिशु बचत कोष सञ्चालनका लागि मापदण्ड पुरा भएका नवजात शिशुको नाममा रकम जम्मा गर्नका लागि तपशिल बमोजिमको सिफारिस समिति रहनेछन् ।

गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत – संयोजक

यस सम्बन्धि कार्य गर्न तोकिएको शाखा प्रमुख – सदस्य

आर्थिक प्रशासन शाखा प्रमुख वा लेखापाल – सदस्य सचिव

## परिच्छेद-४
## प्रतिवेदन तथा अभिलेख

७. साकेला गाउँपालिकाबाट नवजात शिशुको नाममा जम्मा गरेको रकमको विवरण कार्यपालिका वैठक समक्ष पेश गरि पारित गरिनेछ र सम्पूर्ण विवरण गाउँपालिकाको वेवसाईट तथा सूचना पाटीबाट प्रकाशित गरिनेछ ।

## परिच्छेद-५
## खाताको रकम सञ्चालन सम्बन्धी व्यवस्था

८. नवजात शिशुको नाममा साकेला गाउँपालिकाबाट उपलब्ध गराईको रकम निजको उमेर १८ वर्ष पुरा नभएसम्म निकाल्न नमिल्ने गरि वित्तीय संस्थाले सहजीकरण गर्नुपर्नेछ ।

९. यस योजनामा आवद्ध हुने नावालक तथा नावालकको परिवार कम्तिमा १८ वर्षसम्म बसाई सरेर अन्यत्र जान पाईने छैन, समयअवधि नपुग्दै बसाईसराई गरि गएमा गाउँपालिकाद्वारा जम्मा गरिएको बचत खाताको रकममा हकदावी गर्न पाईनेछैन ।

१०. गाउँपालिकाभित्रकै विद्यालयमा कक्षा १२ सम्म अध्ययन गरेको हुनुपर्नेछ, बीचमै कक्षा छाडेमा गाउँपालिकाद्वारा जम्मा गरिएको बचत खाताको रकममा हकदावी गर्न पाईनेछैन ।

११. समयअवधि पुरा नहुँदै त्यस्ता बालबालिकाको असमायिक निधन भएमा जीवित रहँदा सम्मको रकम नीजको संरक्षक वा हकवालाले उक्त रकम परिचालन गर्न सक्नेछन् ।

१२. यस शिशु बचत योजनामा परिवारका सदस्य तथा आफन्त समेत सहभागि हुन सक्नेछन् । परिवारका सदस्य वा अन्य आफन्तबाट प्राप्त रकम बीचमा झिक्न पाईने छैन । मापदण्ड पुरा नभएको अवस्थामा भने आफन्तद्वारा बचत गरिएको रकम फिर्ता गर्न बैंकलाई सिफारिस उपलब्ध गराईनेछ ।

१३. नवजात शिशु बचत योजना अन्तर्गत गाउँपालिकाद्वारा जम्मा हुने एकमुष्ठ रकमबाट उच्च शिक्षा अध्ययन वा जीविकोपार्जनका लागि उद्यम वा व्यवसायमा मात्र खर्च गर्नुपर्नेछ ।यस योजनामा समावेश हुनका लागि वाह्य नागरिकबाट शिशु बचत कोष वा इच्छाईएको नावालको नाममा रकम जम्मा गर्न वाधा पर्नेछैन ।

## परिच्छेद-६
## विविध

**१४. बाधा अड्काउ फुकाउने अधिकार** : यस कार्यविधिको कार्यान्वयनको शिलशिलामा कुनै द्विविधा वा बाधा अड्काउ भएमा गाउँ कार्यपालिकाले सो दुविधा वा वाधा अड्काउ फुकाउन सक्नेछ ।

**१५. बचाउ** : अन्य कुराहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनुसूची-१

परिच्छेद ४ को दफा ५ सँग सम्बन्धित

# गाउँपालिकालाई पेश गर्नुपर्ने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
साकेला गाउँपालिकाको कार्यालय
मानेभन्ज्याङ, खोटाङ ।

**विषय- नवजात शिशु बचत योजनामा सहभागि गराईपाउँ ।**

महोदय,

प्रस्तुत विषयमा यस साकेला गाउँपालिका वडा नं. ......... निवासी .................................... को नाती/नातिनी ................................................................... को छोरा/छोरी .................................... को मिति ................................ स्वास्थ्य संस्थामा नवजात शिशुको जन्म भएको हुँदा साकेला गाउँपालिकाभित्रका नवजात शिशुलाई जन्मपश्चात रु. १५,०००/- (अक्षरेपी पन्ध्र हजार रुपैंया) सहितको शिशु बचत खाता खोली नवजात शिशु बचत खाता सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ अनुसार तपशिल बमोजिमको खातामा रकम जम्मा गरिदिनहुन अनुरोध सहित यो निवेदन पेश गर्दछु ।

खातावालाको नाम-
खाता नं.
बैंकको नाम-

....................
निवेदक संरक्षक
बुवा/आमा

साकेला गाउँपालिका

अनुसूची-२

परिच्छेद ५ को दफा ८, ९ र १० सँग सम्बन्धित

# कवुलियतनामा

कोशी प्रदेश खोटाङ जिल्ला साकेला गाउँपालिका वडा नं. ......... स्थायी ठेगाना भएका यसमा लेखिएका .................................. को नाती .................................. को छोरा/छोरी जन्ममिति.............................. को .................................... को कार्यविधिमा उल्लेख भएबमोजिमको मापदण्ड पुरा भई ..................................... स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी ................................ को रोहवरमा जन्म भएको ठीक साँचो हो । साकेला गाउँपालिकाले उपलब्ध गराउने नवजात शिशु बचत योजनामा समावेश हुन सम्पूर्ण मापदण्ड पुरा गरि यो कवुलियतनामा गरिदिएको छु की कार्यविधिमा उल्लेख भएबमोजिम म मेरो छोरा/छोरी ................................ लाई कम्तीमा कक्षा १२ सम्म यस साकेला गाउँपालिकाको विद्यालयमा अध्ययन गराउँछु र १८ वर्ष उमेरसम्म कँही कतै बसाँईसरी जाने छैन । यदि उक्त शर्त तथा बन्देज पुरा नगरेको अवस्थामा मेरो छोरा/छोरीको नाममा गाउँपालिकाबाट जम्मा भएको रकममा हामी/मेरो कुनै हकदावी रहनेछैन । उक्त अवधिसम्म जम्मा भएको रकम ब्याजसहित गाउँपालिकाकै कोषमा फिर्ता गर्न मेरो मञ्जुर छ । यस सम्बन्धमा कहींकतै उजुरबाजुर गर्ने छैन । अन्यथा कानून बमोजिम सहुँला बुझाउँला ।

खातावालाको नाम-

खाता नं.

संरक्षकको नाम-

दाँया बाँया

साकेला गाउँपालिका